# मालिका राजपत्र

मालिका गाउँपालिकाद्वारा प्रकाशित

खण्डः३ वर्षः१ संख्याः६ मितिः२०८१।०४।२७


भाग -२

मालिका गाउँपालिका

# आन्तरिक कर संकलन अख्तियारी सम्वन्धी कार्यविधि, २०८१

प्रमाणिकरण मितिः २०८१।०४।२७

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१।०७।२९

मालिका गाउँपालिका

म्याग्दी जिल्ला

गण्डकी प्रदेश, नेपाल

# आन्तरिक कर संकलन अख्तियारी सम्वन्धी कार्यविधी -२०८१

**प्रस्तावनाः**

राजश्व परामर्श समितिको मिति२०८०/१२/१३को निर्णय अनुसार मालिका गाउँपालिकाको २०८१/०८२ देखी लागु हुने गरि मालिका गाउँपालिका भित्र विभिन्न ब्यवसाय संचालन गर्ने र गाउँपालिकाको दायरामा नआएका करलाई ब्यवस्थापन गरि आन्तरिक कर संकलन गर्ने र दायरामा ल्याउन गाउँपालिका र ब्यवसायीहरुको विचमा साझेदारी गर्न बाञ्छनिय भएकोले मालिका गाउँपालिकाको आर्थिक ऐन २०८१ को दफा १२ ले दिएको अधिकार प्रयोग गरि मालिका गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः-**

क) यस कार्यविधिको नाम आन्तरिक कर संकलन अख्तियारी सम्वन्धी कार्यविधि २०८१ रहने छ।

ख) यो कार्यविधि मालिका गाउँपालिकाले स्विकृत गरेको मिति देखी प्रारम्भ हुने छ।

**२.परिभाषाः-**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) आन्तरिक क्षेत्र भन्नाले मालिका गाउँपालिका क्षेत्र भित्र भन्ने सम्झनु पर्छ।

ख) कर भन्नाले मालिका गाउँपालिकाको आर्थिक ऐनले व्यवस्था गरे अनुसार लिईने रकम सम्झनु पर्छ।

ग) संकलन भन्नाले मालिका गाउँपालिकाले विभिन्न शिर्षकमा लिने शुल्क, दण्ड जरिवाना वा सहयोगलाई सम्झनु पर्छ।

घ) अख्तियारी भन्नाले मालिका गाउँपालिकाको आर्थिक ऐन२०८१को वार्षिक निति वजेट तथा कार्यक्रम अनुसार कुनै ब्यक्ती संस्थालाई प्रदान गरेको अधिकारलाई सम्झनु पर्छ ।

ङ) कार्यविधी भन्नाले आन्तरिक राजश्व संकलन गर्न अख्तियार सहित तयार पारिएको संञ्चालन परिचालन कार्यविधी २०८१ सम्झनु पर्छ ।

च) कर्मचारी भन्नाले आन्तरिक कर संकलन गर्न जिम्मेवारी दिएको ब्यक्तीलाई सम्झनु पर्ने छ।

छ) अधिकार भन्नाले कार्यविधि अनुसार आन्तरिक राजश्व संकलन गर्न गाउँपालिकाले प्रदान गरेको अधिकार सम्झनु पर्छ ।

ज) संघ संस्था भन्नाले उद्योगी व्यवसायीहरुको छाता संगठन उद्योग वाणिज्य संघ मालिका ईकाइलाई सम्झनु पर्छ ।

# परिच्छेद -२

## आन्तरिक कर संकलन अख्तियारीको स्थापना,संञ्चालन,काम कर्तव्य,अधिकार र अख्तियारी

१. स्थापना तथा संञ्चालन —मालिका गाउँपालिकाको आर्थिक ऐन २०८१ले व्यवस्था गरे अनुसार करको दायरा विस्तार गरि व्यवस्थित रुपले कर संकलन गर्न मालिका गाउँपालिकाले आन्तरिक कर संकलन सम्वन्धी अख्तियारी कार्यविधि २०८१ तयार गरेको छ ।

२. उपदफा १ वमोजिम मालिका गाउँपालिकाले स्थापना तथा संचालनको लागी कार्यविधी स्विकृत गरेपछी उद्योग वाणिज्य संघ मालिका इकार्लाई अख्तियारी प्रदान गरेपछी संचालन र कार्यान्वयन हुने छ ।

३. मालिका गाउँपालिकाको आर्थिक ऐन२०८१ को दफा १२ कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिमा व्यवस्था भए वमोजिम यो कार्यविधी तयार गरि संचालन गरिएको हो ।

४. यो कार्यविधी प्रचलित नेपालको संघिय तथा प्रादेशिक ऐन कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही अनुसार संञ्चालन हुने छ ।

## ३. काम,कर्तव्य र अधिकारः-

१. म्याग्दी उद्योग वाणिज्य संघ मालिका ईकाइ समिति वा समितिले खटाइएको व्यक्तीद्वारा मालिका गाउँपालिकाका क्षेत्र भित्रका सात वटै वडामा आन्तरिक तथा वाह्य क्षेत्रवाट करको दायरामा नआएका बैधानिक रुपमा व्यापार व्यवसाय संञ्चालन नगरेका,उद्योगी ब्यवसायहरु मालिका गाउँपालिकाको बार्षिक निति तथा कार्यक्रम२०८१ को आर्थिक बिकास सम्वन्धी निति तथा आर्थिक ऐनको दफा १२कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधी तथा आन्तरिक श्रोत परिचालन सम्वन्धी निति तथा कार्यक्रम २१ले प्रदान गरेको अधिकार र कार्यलाई आभार मानिने छ ।

२. उपदफा १ मा जुनसुकै कुरा लेखीएको भएता पनी आवश्यकता अनुसार आन्तरिक कर संकलन गर्न प्रदान गरिएको अधिकारले कुनै वाधा पु-याउने छैन ।

३. मालिका गाउँपालिका र उद्योग वाणिज्य संघ मालिका इकाई समिति द्धारा जिम्मेवार प्रदान गरिएको ब्यक्ती/कर्मचारी उद्योग वाणिज्य संघ मालिका ईकाइ प्रति उत्तरदायी र जिम्मेवार रहनुपर्छ ।

## ४. कार्यक्षेत्र र मापदण्ड

१. यस कार्यविधीको कार्यक्षेत्र मालिका गाउँपालिकाका ७ वटै वडा रहने छ।

२. मालिका गाउँपालिकाको आर्थिक ऐन २०८१ले व्यवस्था गरे अनुसार करको दायरामा नआएका करको क्षेत्र विस्तार गर्नुपर्ने उद्योगी व्यवसाय तथा मालिका गाउँपालिका भित्र ब्यापार व्यवसाय गर्न अन्य स्थानवाट अस्थाई वा पटके रुपमा ब्यवसाय गर्ने ब्यवसायीवाट मापदण्डको अनुसार क्षेत्र निर्धारण हुने छ।

## ५. अख्तियार तथा जिम्मेवार

१. मालिका गाउँपालिकाको आर्थिक ऐन २०८१को दफा ४ को थ पटके ब्यवसाय तथा हाट वजार कर दफा ५ को अनसुची १ सवारी साधान कर ५(६)अनुसची ७ दफा ८ मनोरञ्जन कर दफा १० को अनुसुची ९ पार्कीङ्ग शुल्क र अन्य पटके घुम्ती पोके डोके ब्यवसायमा कर संकलन गर्न अख्तियार प्रदान गर्ने छ ।

२. आवश्यकता अनुसार पालिकाले कर संकलनमा थप क्षेत्राधिकार सहित अख्तियार प्रदान गर्ने छ।

३. मालिका गाउँपालिकाले परिच्छेद १ को घ र द अनुसार म्याग्दी उद्योग वाणिज्य संघ मालिका इकाई तथा आन्तरिक कर संकलन गर्न खटाईएको कर्मचारीहरुलाई उपदफा ५(१)वमोजिमको जिम्मेवारी प्रदान गर्ने छ।

# परिच्छेद-३

## ६. कर संकलन सम्वन्धी ब्यवस्था र सेवा सुविधाः-

१. आन्तरिक कर संकलन सम्वन्धी ब्यवस्था परिच्छेद २ को उपदफा १,२,३ को दफा (१)४को दफा(१,२)५को दफा१मा व्यवस्था भए अनुसार हुने छ ।

२. परिच्छेद २को दफा ५को ३ अनुसार मालिका गाउँपालिकाले आन्तरिक कर संकलन गर्न उद्योग वाणिज्य संघ मालिका इकाई वा संस्थाद्धारा खटाईएको ब्यक्तिले दफा ५(१)अनुसार कार्य गरे वापत खाईपाई आएको मासिक तलव रु.१८,०००।मा नियमानुसार करकट्टी गरि सुविधा उपलब्ध गराईने छ ।

३. यसरी संकलन गरिएको आन्तरिक करवाट मालिका गाउँपालिकाले उद्योग वाणिज्य संघ मालिका इकाईलाई क्षमता विकास,ब्यवसाय प्रवर्धन,ब्यवसायीक दैवी प्रकोप,लेखा कर साक्षरता कार्यक्रमका लागी संकलित रकमको २५%उपलब्ध गराउन सक्ने छ ।

## परिच्छेदः-७

## बिबिध

### ७. अनुगमन तथा सुपरिवेक्षणः-

१. यस कार्यविधि कार्यन्वयन,संञ्चालनको अनुगमन तथा सुपरिवेक्षण मालिका गाउँवालिकाको आर्थिक विकास समिति,राजश्व परामर्श समिति र म्याग्दी उद्योग वाणिज्य संघ मालिका इकाईले गर्ने छ ।

२. दफा १ अनुसार अनुगमन तथा सुपरिवेक्षण गर्दा मालिका गाउँपालिका अनुगमन समितिको स्विकृत तथा निर्देशनमा गरिने छ ।

### ८. लेखा व्यवस्थापन तथा प्रगती विवरणः-

१. यस कार्यविधी अनुसार संकलन गर्ने करको रसिदका आधारमा मासिक रुपमा परिच्छेद३ दफा २,३अनुसार तोकिएको वैंक खातामा जम्मा गरि त्यसको विवरण १ प्रति मालिका गाउँपालिकामा र १ प्रति उद्योग वाणिज्य संघ मालिका इकाईमा पेश गर्नु पर्ने छ ।

### ९. प्रचलित कानुन वमोजिम हुनेः-

यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधी वमोजिम र अन्य विषयमा प्रचलित ऐन,नियम,कानुन वमोजिम हुने छ ।